REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST:18:40hrs Date:26.04.2024

---

## *Lok sabha elections 2nd phase*

लोकसभा चुनाउको दोस्रो चरणमा आज बाह्र राज्य र एउटा केन्द्रशासित प्रदेश जम्मू काश्मीरका अठासी संसदीय सीटहरूमा मतदान भयो ।

यी मध्ये केरालाका बीस, कर्नाटकका चौध, राज्यस्थानका तेह्र, उत्तर प्रदेश र महारास्ट्रका आठ आठ, मध्यप्रदेशका छ, असम र बिहारका पाँच पाँच, पश्चिम बंगाल र छत्तीसकगढ़का तीन तीन र मणिपुर, त्रिपुरा, जम्मू कश्मीरका एक एक वटा सीटका लागि मतदान भयो ।

यस चरणमा चौंतिस लाख आठ हजार मतदाताले पहिलो चोटि आफ्नो मताधिकारको प्रयोग गरे ।

यसैवीच पश्चिम बंगाल राज्यका तीनवटा लोकसभा सीटहरू मतदान शान्तिपूर्वक सम्पन्न भयो विहान सात बजीदेखि शुरू भएको मतदान साँझ छ बजी समाप्त भयो हाम्रा खरसङ सम्वाददाताले रिपोर्ट दिए अनुसार साँझ पाँच बजी सम्ममा दार्जीलिङ संसदीय सीटका सात विधानसभा क्षेत्र दार्जीलिङमा 62%, कालेबुङमा 65 , खरसाङमा 65% सिलगढ़ीमा 72 % फाँसीदेवामा 79.7 % चोपड़ामा 7408% मतिगढ़ामा नवसलवारीमा 78% प्रतिशत मतदान रेकार्ड गरियो ।

यसका साथै यस कूल भनदान 70.98% भएको बताइन्छ ।

---

## *Lok Sabha 2nd & 3rd election round*

लोकसभा चुनाउको तोस्रो चरणमा बाह्र राज्यहरूका चौरानब्बे सीटहरूमा सात मईका दिन भोट हालिनेछ।

तेस्रो चरणमा कुल एक हजार तीन सय एकाउन्नजना उम्मेदवारहरू चुनाउ मैदानमा छन् ।

यसैवीच लोकसभा चुनाउको पाँचौ चरणको अधिसूचना आज जारी गरिएको छ ।

यस चरणमा छ राज्य र दुइवटा केन्द्रशासित प्रदेशहरूका उन्चास लोकसभा सीटहरूका लागि चुनाउ हुनेछ।

पाँचौ चरणमा उत्तर प्रदेशका चौध, महारास्ट्रका तेह्र, पश्चिम बंगालका सात, ओडिसा र बिहारका पाँच पाँच सीट, झारखण्डका तीन सीट र जम्मू काश्मीर तथा लद्दाखका एक एक सीटका लागि मतदान हुनेछ।

---

## *Drinking water facility*

रम्फू नगर पञ्चायतले त्रिशक्ति कोर, सत्र माउण्टेन डिभिजन र बोरदाङ भारतीय सेनाको सहयोगमा रम्फू बजारमा पिउने पानीको सुविधा उपलब्ध गराएको छ।

भारतीय सेनाको सीमा विकास कोषको एउटा पहल अपरेशन सद्भावना अन्तर्गत यस परियोजनाले सामाल्य स्थिति र प्रकोपको समयमा पनि क्षेत्रका मानिसहरूको प्रमुख आवश्यकतालाई पूरा गर्नछ।

यसको मुख्य उद्देश्य रम्फूका वासिन्दाहरूलाई स्वच्छ र सुरक्षित पेय जल उपलब्ध गराउनु रहेको छ।

---

## *Soreng district roads*

अध्ययनलाई प्राथमिकता दिनका लागि च्याखङको हिङवाटारमा आज 'सोरेङ' district reads पहल शुरू गरियो।

जिल्लाधीश सुश्री यिस्से डी योङडाले यसको शुभारम्भ गर्नुभयो।

सनानास्कूले नानीहरू लगायत युवा विद्यार्थीहरूमा पढ्ने बानी बसाउने उद्देश्य यस्तो पहल गरिएको हो।

कार्यक्रममा जिल्लाधीशले अध्ययनका कैयौं लाभप्रद उद्दाहरण र जीवनभरि यसको सकारात्मक प्रभावहरूको उल्लेख गर्नुभयो र भन्नुभयो वर्तमानको समयमा मानसिक स्वास्थ्य समस्याको सामना गर्नका लागि पढ्ने बानी बसाउन आवश्यक छ।

जिल्लाधीशले शिक्षकहरूसित छात्र छात्राहरूलाई आकर्षित गर्न सम्वन्धित पाठशालाहरूमा आवाज खोलेर पढ्न लगाउने सत्र आयोजन गर्ने आग्रह गर्नुभएको छ।

उहाँले स्वयंसेवकहरूलाई जिल्लाभरिका प्रत्येक मानिसहरूलाई मौन अध्ययन अभियान अर्थात silent reading अभियानको हिस्सा बन्न प्रोत्साहित गर्नु भन्नुभएको छ।

---

## *Calf rally*

केन्द्र सरकारको मार्गदर्शन र राज्य सरकारको निर्देश अनुरूप पशुपालन विभागले आज पाकिस जिल्लाको लोवर सुदुङलाखामा बाछा ऱ्याली निकाल्यो।

रास्ट्रिय गोकुल मशिन अन्तर्गत सिक्किम पशुधन विकास बोर्डद्वारा प्रायोजित कार्यक्रमको उद्देश्य स्वच्छ बाछाहरूको प्रजनन र देखरेखलाई प्रोत्साहित गर्नु थियो।

यस अवसरमा पशुमा हुने रोगहरूको रोकथाम तथा नियन्त्रण सम्वन्धमा सचेतना शिविरको पनि आयोजना गरियो।

26 वटा बाछाहरूको ऱ्यालीमा बाछा पालनको महत्व र पशुपालकहरूलाई खेतीपातीको आधुनिक तकनिकवारे प्रकाश पारियो।

कार्यक्रममा वक्ताहरूले बाछालाई उत्पादनशील गाईमा परिवर्तित गर्नका लागि कृत्रिम गर्भाधानद्वारा प्रजनन, प्रगतिशील खेतीको तरीका र पशुपालनद्वारा आत्मनिर्भरता जस्ता विषयहरूवारे अवगत गराए।

---

## *Supreme court VVPAT EVM*

सर्वोच्च न्यायालयले आज भोटर भेरिफिएबल पेपर अडिट ट्रेल VVPAT का पर्थीहरूसित इलेक्ट्रोनिक भोटिङ मशिन EVM का आंकड़ालाई शत प्रतिशत मिलाउने सम्वन्धी याचिकालाई खरिज गरेको छ।

न्यायाधीश सञ्जीव खन्ना र दीपाङ्कर दत्ताको एउटा पीठले यस्तो निर्णय सुनाएको हो। तथापि अठार अप्रेलमा यस मामिलामाथिको फैसलालाई सुरक्षित राखिएको थियो।

निर्वाचन आयोगवाट पीठ द्वारा केही तकनिकी स्पस्टिकरण मागिएको कारणले चौविस अप्रेलमा यस मामिलालाई सूचीबध्द गरियो।

आयोगद्वारा दिइएको स्पस्टिकरणमाथि विचार गर्दै आज फैसला सुनाइयो।

फैसला सम्वन्धमा न्यायधीश खन्नाले भन्नुभएको ब्यालेट पेपरद्वारा मतदान गराउने र इलेक्ट्रोनिक भोटिङ मशिन EVM-VVPAT को पूर्ण जाँच तथा VVPAT का पर्ची मतदाताहरूलाई दिने याचिकाहरूलाई खरिज गरिएको छ।

---